- नगरपालिकाको शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न शिक्षा नियमावली तर्जुमाको कार्य सरोकारवालाहरुको समेत सहभागितामा कार्यशाला गोष्ठीबाट रायसुझाव लिइ अन्तिम चरणमा पुगेको छ ।

- पशु सेवा तर्फ लक्षित कार्यक्रमहरु मध्ये हालसम्म पशुपंछि उपचार सेवा २९२०, गोबर परिक्षण सेवा २९११, पशु प्रजनन सेवा (गाइ र भैंसी) ८५० वटा, हिउँदे घाँस वितरण (जै र वर्सिम) २६ क्विन्टल, वर्षे घाँस (टियोसेन्टी, सुडम) वितरण १२६० के.जी., वडा स्तरिय पशु सेवा तालिम १ दिने ११ वटा वडाहरुमा सम्पन्न भैसकेको छ । सरोकारवालाहरुको समेत लागत सहभागितामा घास काट्ने मेसिन (चारा मेशिन) ८ वटा, मिल्क क्यान २० वटा वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेकोछ । पशु वधशाला तथा मासु पसल अनुगमन, बाखामा पि.पि.आर. भ्याक्सीन लगाउने, सबै घरधुरीलाई समेट्ने गरी करिब २५,००० गाइ भैसिमा भ्यागुते र चरचरे रोग विरुद्धको खोप लगाउने कार्य भैरहेको छ ।

- कृषि विकास तर्फ उन्नत जातको गहुँको बिउ वितरण गर्ने, ३ हेक्टर क्षेत्रफलमा गहुँ बीउ उत्पादन कार्यक्रम, साना सिंचाईका लागि पावर टिलर वितरण र प्रधानमन्त्री कृषि आधुनिकिकरण अन्तरगत पकेट कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् ।

- पिपरा अस्पताल तथा अन्य सबै स्वास्थ्य चौकिहरुबाट नियमित स्वास्थ्य परीक्षणका कार्यहरु भइरहकोका, पटना, भलवाड र कोपवामा क्षय रोगको निशुल्क खकार जाँच शिविर सम्पन्न भएको छ । अन्य जनचेतनामूलक बिभिन्न कार्यक्रमहरु नियमित रुपमा संचालनमा रहेका छन् ।

- नगरपालिकाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन टोल विकास संस्था संचालन कार्यविधि, ५०/५० लागत सहभागितामा सडक कालोपत्रे कार्यक्रम संचालन कार्यविधि, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, मर्मत संभार कोष संचालन कार्यविधिहरु बनाई कार्यान्वयनमा ल्याइएको छ ।

- चिनको छिचो प्रान्तसँग नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्ने औपचारिक कार्यमा हस्ताक्षर गर्ने कार्य मात्र बाँकी भएकोले चिनको प्रतिनिधी मण्डल छिटै यस नगरमा आउने कार्यक्रम तय गरिएको छ । नगरपालिकाको तर्फबाट उच्चस्तरीय टोलीबाट उक्त प्रान्तको भ्रमणसमेत भई दुई पक्ष बीच सहयोग आदान प्रदानको खाका तयारी भइरहेको छ ।

- नगरपालिकामा बसपार्क निर्माण ल्याण्डफिल्ड साइट निर्माणका लागि जग्गा खोजी कार्य भैरहेको छ ।

- नगरपालिका भित्र दातृ निकायको साझेदारीमा ठूला आयोजनाहरु सञ्चालन गर्न नेपाल सरकारसँग पहल भैरहेको छ ।

- चालु आर्थिक वर्षमा चालु र पुँजिगत गरी कुल रकम रु. ६७ करोड ३३ लाख ६० हजार रकमको बजेट तथा कार्यक्रम रहेकोमा हालसम्म ६६ करोड ५२ लाख ६६ हजार रकमको स्रोत सुनिश्चितता भइसकेको र सो मध्ये फाल्गुण मसान्तसम्म २० करोड ५३ लाख ४५ हजार रकम (३१ प्रतिशत) खर्च भइसकेको छ । नगरपालिकाको शुन्य पेश्की नीतिका कारण कम वित्तीय प्रगति देखिएता पनि भौतिक प्रगति बढि रहेको छ । २०७५ साल बैशाख मसान्त भित्र वित्तीय प्रगति ८० प्रतिशत हुने लक्ष्य रहेको छ ।

**समस्या तथा चुनौतीहरु**

- कानूनी विषयसँग सम्बन्धित कर्मचारीहरुको अभावका कारण छलफल गरिएका मुद्दाहरुलाई कानून बमोजिम किनारा लगाउने काम ढिला भएको । अन्य क्षेत्रहरुमा पनि आवश्यकता अनुसारका कर्मचारीहरु पर्याप्त हुन नसकेको ।
- कार्यालय व्यवस्थापनका लागि पर्याप्त भवन लगायतका अन्य पूर्वाधार निर्माण गर्न नसकिएको ।

तुलसीराम मरासिनी
प्रमुख
प्रशासकीय अधिकृत